**२०८० साल श्रावण १, सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** माननीय मुख्यमन्त्रीको नेतृत्वको टोलीको भारत भ्रमण स्वीकृत गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** "प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९" को अनुसूची-१ र अनुसूची-२ मा देहाय वमोजिम संशोधन गर्ने:

१. अनुसूची-१ को,-

(क) क्रम संख्या २ मा रहेको **"आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"गृह मन्त्रालय"** भन्ने शब्दहरु राख्ने ।

(ख) क्रम संख्या ३ मा रहेको **"आर्थिक मामिला मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"अर्थ मन्त्रालय"** भन्ने शब्दहरु राख्ने ।

२. अनुसूची-२ को,-

(क) क्रम संख्या २ मा रहेको **"आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"गृह मन्त्रालय"** भन्ने शब्दहरु राख्ने ।

(ख) क्रम संख्या ३ मा रहेको **"आर्थिक मामिला मन्त्रालय"** भन्ने शब्दहरुको सट्टा **"अर्थ मन्त्रालय"** भन्ने शब्दहरु राख्ने ।